**प्रशासन** असार २०८१, वर्ष ५६, अङ्क १, पूर्णाङ्क १३९, ८०-९४
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v56i1.67331
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# नेपालको सार्वजनिक प्रशासनसम्बन्धी नीति तर्जुमामा अनुसन्धानको प्रयोग

हरि प्रसाद उपाध्याय[†††]

## लेखसार

नेपालमा सार्वजनिक प्रशासनसम्बन्धी नीति तर्जुमा गर्दा अनुसन्धानलाई आधार नबनाउनाले तत्कालका समस्याहरु समाधान गर्ने तर दीर्घकालीन रूपमा थप समस्या आउने गरेको देखिन्छ। प्रस्तुत लेखमा सार्वजनिक सेवाका कर्मचारीहरूका लागि ल्याइएको सावधिक जीवन बीमा र योगदानमा आधारित निवृत्तभरणका बारेमा विश्लेषण गरिएको छ। नागरिक लगानी कोषमार्फत वि.सं. २०६३ सालदेखि निजामती कर्मचारीहरूका लागि कार्यान्वयनमा ल्याइए तापनि उक्त सावधिक जीवन बीमा पुनः वि.सं. २०७५ सालदेखि मात्र राष्ट्रिय बीमा संस्थानमार्फत कार्यान्वयनमा आएपछि देखा परेका समस्याहरूको विश्लेषण गरिएको छ। साथै निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत कर्मचारीका लागि लक्षित वि.सं. २०७५ देखि कार्यान्वयनमा ल्याइएको योगदानमा आधारित निवृत्तभरण कोषका लागि अपुग रकमका कारण छुट्टै निवृत्तभरण कोषको स्थापना नभएपछि थप रकम दिनुपर्ने व्यवस्था गर्दा पनि निवृत्तभरण तथा उपदानमा नेपाल सरकारको आर्थिक दायित्व घट्ने देखिंदैन।

***शब्दकुञ्जी :*** *राष्ट्रसेवक, सार्वजनिक सेवा, आर्थिक दायित्व, सावधिक जीवनबीमा र योगदानमा आधारित निवृत्तभरण।*

## पृष्ठभूमि

आम जनताका हितका लागि गर्ने सरकारका कार्यहरू सार्वजनिक प्रशासनले सञ्चालन गर्दछ। सार्वजनिक प्रशासन सञ्चालनका लागि स्पष्ट कानुनको व्यवस्था रहेको हुनु पर्दछ। कानुनी अभावमा सार्वजनिक

[†††] *उपसचिव (लेखा), नेपाल सरकार*

*इमेलः* *hpurimal@hotmail.com*

प्रशासनले प्रभावकारी कार्यसम्पादन गर्न सक्दैन। सार्वजनिक प्रशासनसम्बन्धी नीतिहरू छिटोछिटो परिवर्तन हुने भएमा कार्यान्वयनमा रहेका नीतिहरू माथि नै विश्यसनीयताको अभाव रहन्छ। सार्वजनिक प्रशासनमा सुधार गर्ने नीतिको दीर्घकालीन असरको अध्ययन नहुँदा नीति कार्यान्वयनबाट क्षणिक लाभ प्राप्त गर्ने र त्यसभन्दा पछाडिका कर्मचारीले उक्त लाभ प्राप्त गर्न नसक्ने अवस्थाको सिर्जना हुन्छ। सार्वजनिक प्रशासन सञ्चालनसम्बन्धी नीति तर्जुमा गर्दा दिगोपना हुने गरी अध्ययन अनुसन्धानमा आधारित भई तथ्यगत विश्लेषणका आधारमा गर्नु आवश्यक छ। नीतिले सुधार गर्न खोजेको विषय सम्बोधन नहुने गरी तर्जुमा गरिने नीतिबाट अपेक्षित उपलब्धि प्राप्त हुन सक्दैन। उक्त नीतिको पूर्ण कार्यान्वयन हुनुभन्दा अगावै नीति नै परिमार्जन गर्नुपर्ने हुन्छ।

नेपालका निजामती कर्मचारीहरूको लागि कार्यान्वयनमा ल्याइएको सावधिक जीवन बीमा वि.सं. २०६३ साउन १ गतेदेखि पहिलो पटक कार्यान्वयनमा ल्याइएको थियो। उक्त बीमालाई परिमार्जन गरी पुनः वि.सं. २०७५ साउन १ गतेदेखि लागु हुने गरी निजामती सेवाका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल नेपाल, सामुदायिक विद्यालयका शिक्षकलाई समेत लागु हुने गरी ल्याइएको छ। यसबाट वि.सं. २०६३ सालदेखि निजामती कर्मचारीहरूको बीमा प्रिमियमका रूपमा कट्टा गरिएको रकमलाई सामान्य बचतमा परिवर्तन गर्ने कानुनी व्यवस्था गरिएको छ।

नेपालमा वि.सं. २०७५ सालदेखि कार्यान्वयनमा ल्याइएको योगदानमा आधारित निवृत्तभरण कोषको व्यवस्थापनका लागि लामो समयसम्म छुट्टै रूपको संस्थागत व्यवस्था भएको छैन। यसरी छुट्टै संस्थागत व्यवस्था नभएका कारण कोषको दीर्घकालीन परिचालनको खाका तयार हुन सकेको छैन। उक्त निवृत्तभरण कोषमा प्रदेश र स्थानीय सेवामा नियुक्त भएका कर्मचारीहरू सहभागी हुन पाउने वा नपाउने विषयमा अन्यौलता रहेको छ। निवृत्तभरण उपलब्ध गराउने व्यवस्था योगदानमा आधारित भन्दा सेवा अवधिका आधारमा नै हुने र निवृत्तभरणका लागि अपुग हुने रकम नेपाल सरकारले नै व्यहोर्नु पर्ने व्यवस्था रहेको छ। उक्त प्रकृतिको निवृत्तभरण योजनाको कार्यान्वयनपछि पनि नेपाल सरकारको आर्थिक दायित्व घटने अवस्था नदेखिएको हुँदा दीर्घकालमा निवृत्तभरणमा नेपाल सरकारको थप आर्थिक जिम्मेवारी घटाउनु चुनौतीका रूपमा देखिएको छ।

## राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमासम्बन्धी व्यवस्था

### बीमा कोष सञ्चालन कार्यविधि-२०६३ मा भएका मुख्य-मुख्य व्यवस्थाहरू

निजामती कर्मचारीको मासिक तलबबाट सावधिक जीवन बीमा कोषबापत दुई सय रुपैंया कट्टी गरी त्यसमा नेपाल सरकारका तर्फबाट त्यति नै बराबरको रकमसमेत थपिने व्यवस्था थियो। साथै एक बीमाकोष खडा गर्ने र त्यसको लगानी व्यवस्थापन गरी सोबाट आर्जित आयस्रोतबाट कर्मचारीलाई बीमा

सुविधा उपलब्ध गराउने उद्देश्यका साथ तत्काल नागरिक लगानी कोषमार्फत सञ्चालन गर्नका लागि बीमा कोष सञ्चालन कार्यविधि-२०६३ जारी गरी २०६३ साउन १ गते देखि लागु गरिएको थियो।

कोषमा रकम कट्टा गर्न सुरु गरेको बीस वर्ष नपुगी कुनै कर्मचारीको मृत्यु भएमा निजको परिवारले एक लाख रुपैंया पाउने व्यवस्था गरिएको थियो। अनिवार्य अवकाश भएमा पाउने सुविधा कार्य अवधिअनुसार फरक फरक रहेको र अधिकतम बीस वर्ष सेवा अवधि पूरा भएमा एक लाख रुपैंया पाउने वा जम्मा गरेको रकम र सो रकमको ब्याज र लाभांश रकम उल्लेखित रकमभन्दा बढी हुन आएमा सोही बराबरको रकम उक्त कोषबाट प्रदान गरिने व्यवस्था गरिएको थियो।

कुनै कर्मचारीले रकम जम्मा गर्न सुरु गरेको बीस वर्ष नपुगी अनिवार्य अवकाश भएका अवस्थामा बाहेक अन्य जुनसुकै किसिमको सेवाबाट अलग भएमा त्यस्तो कर्मचारीलाई समर्पण मूल्य बराबरको रकम उपलब्ध गराइने व्यवस्था गरिएको थियो।

उक्त कोषमा जम्मा भएको रकमको छुट्टै हिसाब राख्ने व्यवस्था गर्ने तथा त्यस कार्यक्रम अन्तर्गत प्राप्त रकम, त्यसको लगानी, लगानीमा प्राप्त आयसमेत कार्यक्रमअन्तर्गतको हिसाब किताब छुट्टै देखिने गरी लेखा राखिने तथा त्यस कार्यक्रमका प्रत्येक सहभागी कर्मचारीले जम्मा गरेको रकम तथा कोषबाट प्रदान गरिएको प्रतिफलसमेत देखिने गरी व्यक्तिगत विवरण सहितको हिसाब राखिने व्यवस्था गरिएको थियो।

नागरिक लगानी कोषले बीमा कोषमा जम्मा भएको प्रत्येक कर्मचारीको छुट्टाछुट्टै हिसाब देखिने गरी अभिलेख अद्यावधिक गरी प्रत्येक वर्षको विवरण सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको थियो (बीमा कोष सञ्चालन कार्यविधि-२०६३)।

बीमा कोष सञ्चालन कार्यविधिमा भएका प्रावधानहरू तत्कालीन समयका लागि उपयुक्त नै देखिए तापनि लामो समयसम्म कार्यान्वयन नभएपछि वि.सं. २०७५ मा नयाँ सावधिक जीवन बीमा लागु गर्नु परेका कारण तर्जुमा गर्दा अनुसन्धानको कमी भएको हो कि जस्तो देखिन्छ।

### सावधिक जीवन बीमा सञ्चालन कार्यविधि-२०७५ मा भएका मुख्य-मुख्य व्यवस्थाहरू

सावधिक जीवन बीमा योजना भन्नाले राष्ट्रिय बीमा संस्थानद्वारा सञ्चालित राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा योजनालाई जनाइन्छ। राष्ट्रसेवक भन्नाले निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, विश्वविद्यालयका प्राध्यापक र सामुदायिक विद्यालयका शिक्षक समेतलाई बुझिन्छ र सो शब्दले सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेको व्यक्तिलाई समेत जनाइन्छ भनेर उल्लेख गरिएको छ।

बीमा कोष भन्नाले निजामती सेवाका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक, नेपाली सेनाका सैनिक, नेपाल प्रहरीका प्रहरी र शसस्त्र प्रहरी बल नेपालका प्रहरीहरू एवम् राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरू तथा सावधिक जीवन बीमा योजनाको सुविधा पाउने सेवाको पदमा बहाल रहेका व्यक्तिहरूका लागि सञ्चालित बीमा कार्यक्रममा २०७५ श्रावण १ पहिले र पछि सङ्कलित कोषको रकमलाई सम्झनु पर्छ भन्ने उल्लेख गरिएको छ।

नेपाल सरकारले राष्ट्रसेवकका लागि मिति २०७५ साल साउन १ गतेदेखि लागु हुने गरी सावधिक जीवन बीमा (मुनाफामा सरिक हुने) संस्थानमा गर्नेछ। बिमितको जीवन बीमा योजनामा सरिक हुने वा नवीकरण हुने मिति प्रत्येक आर्थिक वर्षको श्रावण १ गते हुने व्यवस्था गरिएको छ। राष्ट्रसेवक कर्मचारीको अवकाश हुने उमेरका आधारमा सावधिक जीवन बीमा योजना बढीमा बीस वर्षको हुने व्यवस्था गरिएको छ। साथै उक्त योजनाको अवधि भुक्तान भएपछि सेवामा निरन्तरता हुने राष्ट्रसेवकको यसै कार्यविधि बमोजिम पुन: बीमा अवधि सुरु हुने व्यवस्था गरिएको छ।

कार्यालयले राष्ट्रसेवक कर्मचारीको मासिक तलबबाट सामूहिक सावधिक जीवन बीमाशुल्क बापत चारसय रुपैयाँ योगदान गर्ने र त्यसमा नेपाल सरकारका तर्फबाट थपिने चारसय रुपैयाँ गरी जम्मा रु. ९६००।- वि.सं. २०७५ साउन महिनादेखि नागरिक लगानी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ।

कोषमा राष्ट्रसेवक कर्मचारी तथा नेपाल सरकारले बीमाका रूपमा जम्मा गरेको सावधिक बीमा योजनाअनुसार वि.सं. २०७५ असार महिनासम्ममा जम्मा हुन आएको साँवा रकम र प्रिमियम भुक्तानी हुने मितिसम्म पाकेको व्याजसमेत समावेश गरी एकमुष्ट हुन आउने रकम मध्य नौ हजार छ सय रुपैयाँ संस्थानमा दाखिलापश्चात् बाँकी हुन आउने रकम कोषद्वारा सञ्चालित बचत वृद्धि कार्यक्रम वा अन्य त्यस्तै कार्यक्रममा रहेको सम्बन्धित राष्ट्रसेवकको खातामा ट्रान्सफर गरी दिनुपर्ने व्यवस्था गरेको छ। बचत वृद्धि कार्यक्रम वा यस्तै अन्य कार्यक्रमका खाता नभएका सवालमा राष्ट्रसेवकको छुट्टै खाता खोली रकम जम्मा गरिदिनुपर्ने व्यवस्था गरिएको छ।

सावधिक जीवन बीमा योजनामा वि.सं. २०७५ साल साउन १ गतेसम्म स्थायी पदमा बहाल रहेका र त्यसपछि नयाँ नियुक्ति हुने राष्ट्रसेवकलाई अनिवार्य रूपमा सहभागी गराइने व्यवस्था गरिएको छ।

बीमा योजना सुरु भएको मितिपछि नियुक्त हुने राष्ट्रसेवकका हकमा नपुग हुने वार्षिक बीमा शुल्क र सोको बिलम्ब शुल्कको रकम सम्बन्धित राष्ट्रसेवकले जम्मा गरी अघिल्लो सुरु मितिमा वा आगामी वर्षको श्रावण १ गतेबाट वार्षिक बीमा शुल्क तिरी बीमा योजनामा सरिक हुन सकिने व्यवस्था गरिएको छ।

नागरिक लगानी कोषले प्रत्येक राष्ट्रसेवकको बीमा योजनाको वार्षिक नवीकरण बीमाशुल्क बुझाउँदा राष्ट्रिय बीमा संस्थानले तोकेको खातामा प्रत्येक आर्थिक वर्षको श्रावण ७ गतेभित्र एकमुष्ट जम्मा गरी सोको विवरण संस्थानमा पठाउनुपर्ने व्यवस्था गरेको छ।

राष्ट्रसेवकको सावधिक जीवन बीमाका लागि बिमितको अधिकतम उमेर ७० वर्ष हुने व्यवस्था गरिएको छ। बिमितको उमेर ५० वर्ष भन्दामाथि भएका राष्ट्रसेवकहरूका हकमा २० वर्षभन्दा घटी हुने अवधि कायम गरी बीमा गराइने छ। यसका लागि थप अतिरिक्त शुल्क लाग्ने व्यवस्था गरिएको छ।

जीवन बीमाका लागि कट्टा गरिएको रकम समयमै दाखिला गर्ने दायित्व लेखा प्रमुख र कार्यालय प्रमुखको हुने व्यवस्था गरिएको छ। कट्टा भएको रकम समयमै दाखिला नगरेबाट राष्ट्रसेवकलाई पर्न जाने हानि नोक्सानीको क्षतिपूर्ति रकम कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल उपर गरिने व्यवस्था समेत गरिएको छ।

बीमा योजनाको कोषको व्यवस्थापन गरेबापत सेवा शुल्क स्वरूप बीमाशुल्कवापत सङ्कलन भएको कुल रकमको ०.५ प्रतिशत (शून्य दशमलब पाँच प्रतिशत) बराबरको रकम नागरिक लगानी कोषले वार्षिक आयबाट कट्टी गरी लिन सक्ने व्यवस्था गरिएको छ।

बीमा योजनामा उल्लिखित रकम बिमितलाई भुक्तानी गर्दा बीमा परिपक्व भएमा वा बिमितको मृत्यु भएमा बीमाङ्क रकम र आर्जित बोनस रकम एकमुष्ट दिने व्यवस्था गरिएको छ। कुनै राष्ट्रसेवकको बीमा अवधि बाँकी छँदै सेवाबाट निवृत्त भएमा वा भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने वा नठहरिने गरी सेवाबाट बर्खास्त भएमा राष्ट्रसेवकले समेत सेवा निवृत्तको आधिकारिक पत्रका आधारमा समर्पण मूल्य वा चुक्ता मूल्य लिन वा व्यक्तिगत रूपमा सावधिक जीवन बीमा योजना निरन्तर राख्न सक्ने छ।

पहिलो वर्ष बीमा सुरु गर्दा नौ हजार छ सय रुपैयाँ रकमभन्दा कम रकम जम्मा भएका राष्ट्रसेवकहरूका हकमा निजहरूले सो बराबरको नपुग रकम व्यक्तिगत रूपमा दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ (सावधिक जीवन बीमा सञ्चालन कार्यविधि-२०७५)।

वि.सं. २०७५ सालदेखि कार्यान्वयनमा ल्याइएको सावधिक जीवन बीमा कार्यक्रमबाट निजामतीभन्दा अन्य क्षेत्रलाई समेटिएको भए तापनि बीमा संस्थानमा सोझै बीमा नगरी बिचमा नागरिक लगानी कोषलाई समेत सहभागी गराइएको छ। कर्मचारीहरूले बीमा पोलिसीसमेत प्राप्त गरेका छैनन्। ५० वर्षभन्दा कम उमेर समूहका लागि एउटै बीमा शुल्क कायम गरिएको छ।

## राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि-२०७६ मा भएका मुख्य-मुख्य व्यवस्थाहरू

नागरिक लगानी कोषद्वारा जारी गरिएको राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि-२०७६ मा वि.सं.२०७५ श्रावण १ पछि मासिक तलबबाट सावधिक जीवन बीमाशुल्कबापत राष्ट्रसेवक कर्मचारीहरूले आफ्नो मासिक पारिश्रमिकबाट चार सय रुपैयाँ कट्टी गरेर त्यसमा नेपाल सरकारका तर्फबाट थपिने त्यतिनै बराबरको रकमसमेत गरी वार्षिक रु. ९,६००।– सङ्कलन गर्ने व्यवस्था गरिएको छ र सहभागी राष्ट्रसेवक कर्मचारीहरूले व्यक्तिगत रूपमा जम्मा गरेको वार्षिक बीमाशुल्क (प्रिमियम) बापत नपुग हुने थप बीमाशुल्क रकम सङ्कलन गर्ने व्यवस्था गरिएको छ।

वि.सं. २०७५ श्रावण १ भन्दा अगाडिदेखि निजामती सेवाका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक, नेपाली सेनाका सैनिक, नेपाल प्रहरीका प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रहरीहरूका लागि कोषले विगतमा सञ्चालन गरेका बीमा कार्यक्रमहरूमा बीमा रकमबापत जम्मा भएको रकमबाट संस्थानलाई बीमा शुल्कबापत भुक्तानी पठाई बाँकी रहेको मौज्दात रकमलाई कोषले यसै कार्यविधिअनुसार अवकाश कोष सञ्चालन र व्यवस्थापन गर्ने उल्लेख गरेको छ।

बीमा कार्यक्रम सुरु भएपछि आर्थिक वर्षका बिचमा नियुक्त हुने राष्ट्रसेवकका हकमा नपुग हुने वार्षिक बीमा शुल्क र सोको विलम्ब शुल्कको रकम सम्बन्धित राष्ट्रसेवकले जम्मा गरी अघिल्लो सुरु मितिमा वा आगामी आर्थिक वर्षको श्रावण १ गतेबाट वार्षिक बीमा शुल्क तिरी सरिक हुन सक्ने व्यवस्था गरिएको छ।

बीमामा सहभागी कर्मचारी कार्यरत रहेको कार्यालयले सहभागी कर्मचारीको प्रत्येक महिनाको मासिक पारिश्रमिकबाट रु. ४००।– कट्टा गरिने र नेपाल सरकारका तर्फबाट रु. ४००।- थप गरिदिने गरी मासिक जम्मा रु. ८००।– का साथमा वार्षिक रु. ९६००।– तथा सहभागीको उमेरका कारण उक्त रकमबाट नपुग हुने बीमा शुल्क (बीमा प्रिमियम) रकमसमेत थप गरी कोषले तोकेको बैंक खातामा रकम जम्मा गर्नु गराउनु पर्ने छ भन्ने व्यवस्था गरिएको छ।

उमेरअनुसार कायम हुने बीमा शुल्कको फरक रकम राष्ट्रसेवक कर्मचारीले व्यक्तिगत रूपमा कोषले तोकेको एक वर्षको एकमुष्ट रकम बैंक खातामा दाखिला गरी सोको बैंक भौचर र फाँटवारी ७ (सात) दिनभित्र कार्यरत कार्यालयमार्फत नागरिक लगानी कोषमा जम्मा गर्न सक्ने पनि व्यवस्था रहेको छ।

वि.सं. २०७५ साल आषाढ मसान्तसम्ममा ५० वर्ष उमेर पुगेका राष्ट्रसेवक कर्मचारीहरूका लागि वार्षिक बीमा शुल्क रु. ९,६००।– र सोभन्दा बढी वर्ष उमेर समूहका लागि बिमितको उमेर ७० वर्ष पुगेपछि

परिपक्व हुने गरी ५९ वर्षसम्मका कर्मचारीले सहभागी हुन पाउने भएकाले अधिकतम सहभागी हुन पाउने उमेर ५९ वर्ष र अधिकतम प्रिमियम रकम रु. १७,४५५।– तोकिएको छ।

सम्बन्धित कर्मचारीबाट आवश्यक रकम कोषमा दाखिला नभई संस्थानमा बीमा शुल्क दाखिला हुन नसकेका अवस्थामा उक्त बीमा योजनामा कर्मचारीलाई सहभागी गराइने छैन। त्यस अवधिमा कुनै किसिमको घटना घटन गएमा कोष जिम्मेवार नहुने व्यवस्था गरेको छ।

सहभागीको वार्षिक बीमा शुल्क बीमा संस्थानमा पठाई बाँकी रहेको मौज्दात रकममा त्यस कार्यक्रमको कोष व्यवस्थापन उपसमितिले तोकेबमोजिमको वार्षिक प्रतिफल वितरण गरिने व्यवस्था गरिएको छ। कोषको लगानीबाट प्राप्त आम्दानीबाट खर्च घटाई हुन आउने खुद वितरण योग्य (खुद बचत) रकमबाट प्रतिफललाई समानुपातिक रूपमा वितरण गरिने व्यवस्था गरिएको छ।

प्रत्येक वर्ष सहभागी कर्मचारीले पाउने प्रतिफल आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित कर्मचारीको खातामा जम्मा गर्ने व्यवस्था गरिएको छ।

बीमा कोष सञ्चालन गर्नेक्रममा भएका पूर्व सञ्चालन खर्चहरू, बीमा कोष परिचालन गर्दा लाग्ने कमिशन, शुल्क वा अन्य प्रत्यक्ष खर्चहरू, कोष व्यवस्थापन शुल्क र लेखापरीक्षकको पारिश्रमिक र अन्य खर्चहरू बीमा कोष सञ्चालन खर्चहरूमा समावेश गरिने व्यवस्था गरिएको छ।

वि.सं. २०७५ श्रावण १ भन्दा पहिले सहभागी राष्ट्रसेवक कर्मचारीहरूको मौज्दात रहेको रकमलाई लगानी गरेपश्चात् कोषले आर्जन गरेको आय, लाभांश, व्याज आम्दानीबाट उक्त कार्यक्रमको व्यवस्थापन गरेबापत कोषको सेवा शुल्क स्वरूप कुल कोष रकमको ०.५ प्रतिशतले हुने वा वार्षिक कुल आय को २० प्रतिशतले हुने रकम मध्ये जुन घटी हुन्छ कोषले वार्षिक रूपले कट्टी गरी लिने व्यवस्था गरेको छ।

वि.सं. २०७५ श्रावण १ गतेदेखि राष्ट्रसेवकहरूको सावधिक जीवन बीमा योजनामा बीमा शुल्कबापत जम्मा भएको सङ्कलित रकमको लगानीबाट प्राप्त भएको आयलाई कोषले आम्दानीमा दर्ज गर्ने व्यवस्था गरिएको छ (राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि-२०७६)।

## निजामती कर्मचारीको सावधिक जीवन बीमालाई राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा रूपान्तरण गर्दा परेको असर

वि.सं. २०६३ साउन १ गतेदेखि नागरिक लगानी कोषमा प्रिमियम जम्मा हुनेगरी निजामती कर्मचारीहरूका लागि मात्र कार्यान्वयमा ल्याइएको सावधिक जीवन बीमा योजना खारेज गरियो। फेरि २०७५ साउन १ गतेदेखि लागु हुनेगरी निजामती कर्मचारीलगायत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र

प्रहरी बल नेपाल, सामुदायिक विद्यालयका शिक्षकलगायतलाई समेट्ने गरी राष्ट्रिय बीमा कम्पनीमार्फत राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा कार्यान्वयनमा ल्याइएको छ। वि.सं. २०६३ साउन १ गतेदेखि कार्यान्वयनमा ल्याइएको सावधिक जीवन बीमालाई बीमा कम्पनीमा बीमा नगराई नागरिक लगानी कोषमा मात्र जम्मा गरेका कारण वि.सं. २०७५ आषाढ मसान्तसम्म जम्मा भएको बीमा कार्यान्वयनमा आएन। सावधिक जीवन बीमा गरेको १२ वर्षपछि बीमा लागु नभएको जस्ता विषयले नेपालमा सार्वजनिक निकायले गर्ने नीतिगत विषयका निर्णयको विश्वसनीयतामा कमी ल्याएको छ। नागरिक लगानी कोषले आफ्नै कोषमा राखेको उक्त रकमको हालसम्म साँवा व्याजसहितको रकमको विवरण कर्मचारीलाई उपलब्ध गराएको छैन।

वि.सं. २०७५ साउन १ देखिदेखि कार्यान्वयनमा ल्याइएको राष्ट्रसेवकहरूको सावधिक जीवन बीमा योजना सहभागी कर्मचारीहरूको अधिकतम उमेर ७० वर्ष हुनेगरी कम्तिमा १२ र बढीमा २० वर्षको बीमा हुने व्यवस्था रहेको छ। पचास वर्षभन्दा माथिको उमेर भएका कर्मचारीहरूलाई ७० वर्ष पुग्न जति वर्ष बाँकी छ त्यतिनै अवधिको बीमा गर्न सकिने व्यवस्था रहेको र २० वर्षभन्दा कम अवधिको बीमाका लागि बीमा कायम रहने अवधिअनुसार कम अवधिको बीमाको प्रिमियम शुल्क बढी र बढी अवधिको बीमाको प्रिमियम शुल्क कम हुनेगरी व्यवस्था मिलाइएको छ। तर अधिकतम उमेर ५० वर्ष र न्यूनतम उमेर १८ वर्ष भएका सबै कर्मचारीहरूको दुई लाख बीमाङ्कका लागि हुने प्रिमियम रकम सबैको समान हुनेगरी रु. ९,६००।- कायम गरिएको छ।

उमेर कम भएका कर्मचारीहरूको अवकाश हुने अवधिभन्दा अगाडि नै बीमाको अवधि समाप्त हुने भएको हुँदा पुन: बीमा गराउन सकिने व्यवस्थाका कारण पछिल्लो बीमाको प्रिमियम महँगो हुन जान्छ। तसर्थ एकातिर कम उमेर समूह र बढी उमेर समूहको प्रिमियम दर एउटै हुँदा प्रिमियम रकम व्यक्तिको उमेरका आधारमा हुनुपर्नेमा सो भएको पाइँदैन। कम बीमा प्रिमियम बुझाउनु पर्ने कर्मचारीले बढी प्रिमियम बुझाएको अवस्था छ। वि.सं. २०६४ साउन १ गतेपछि २०७५ आषाढ मसान्तसम्म निजामती सेवाबाट अलग हुने कर्मचारीले वि.सं. २०६३ सालबाट सुरु भएको सावधिक जीवन बीमा उपयोग गरेको पाइन्छ भने सो अवधिभन्दा पछिसम्म कार्यरत रहने कर्मचारीहरूले उक्त बीमाको उपयोग गर्न नपाएको अवस्था अर्कोतिर छ।तसर्थ बीमा सुरु भएकोभन्दा बीमा अवधि समेत १२ वर्ष कम हुने अवस्था रहेको छ। कर्मचारीको सावधिक जीवन बीमामा नागरिक लगानी कोषलाई संलग्न नगराई कुनै बीमा कम्पनीबाट सोझै गराउनु पर्नेमा नागरिक लगानी कोष संलग्न हुने र नागरिक लगानी कोषले आफ्नो तर्फबाट राष्ट्रिय बीमा संस्थानमा प्रिमियम जम्मा गरी बीमा गराउने घुमाउरो व्यवस्था गरिएको छ।

वि.सं. २०७५ साउन १ गतेदेखि कार्यान्वयनमा ल्याइएको राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमाको पोलेसीसमेत सबै कर्मचारीलाई उपलब्ध गराएको छैन। तसर्थ पोलीसी प्राप्त नभएको बीमाको निरन्तता भए वा नभएको विषयमा समेत अन्यौलता हुने अवस्था रहेको छ।

## निवृत्तभरण कोष ऐन-२०७५ मा रहेका मुख्य-मुख्य प्रावधानहरू

सरकारी कर्मचारीका लागि योगदानमूलक निवृत्तभरण प्रणाली लागु गर्न तथा प्रचलित कानुन बमोजिम सरकारी कोषबाट निवृत्तभरण पाउने गरी नियुक्त भएका कर्मचारीले अवकाशपछि पाउने निवृत्तभरण वा उपदान रकमलाई व्यवस्थित गर्नका लागि निवृत्तभरण कोषको स्थापना तथा सञ्चालन गर्नका लागि निवृत्तभरण कोष ऐन-२०७५ जारी गरी कार्यान्वयनमा ल्याइएको छ।

कर्मचारीको मासिक तलबबाट रकम कट्टा गरी कोषमा जम्मा गर्ने तथा सो कोषमा नेपाल सरकारका तर्फबाट थप गरिने रकम र अवकाश हुँदा सोही कोषबाट निवृत्तभरण वा रकम प्रदान गर्ने प्रणालीलाई निवृत्तभरण प्रणाली भनिएको छ।

कर्मचारीलाई निवृत्तभरण लगायतको रकम उपलब्ध गराउने प्रयोजनका लागि निवृत्तभरण नामको एक कोषको स्थापना गरिने र उक्त कोषको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने तथा कोषले आवश्यकताअनुसार प्रदेशस्तरीय कार्यालय वा शाखा कार्यालय खोल्न एवम् कुनै ठाउँमा कोषको कामका लागि प्रतिनिधि नियुक्त गर्न सक्नेखालको  निवृत्तभरण कोषको स्वशासित र सङ्गठित संस्था हुने व्यवस्था रहेको छ।

योगदानमूलक निवृत्तभरण प्रणालीमा समावेश गरिने कर्मचारीहरूमा निजामती सेवाका कर्मचारीहरू, नेपाली सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाल विशेष सेवा रहेका छन्।

निवृत्तभरण कोषमा रहने रकम कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी उक्त रकममा नेपाल सरकारका तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कुनै कर्मचारी बेतलबी वा असाधारण बिदामा रहेको वा निलम्बन भएको अवधिभर निवृत्तभरण कोषमा रकम जम्मा नगरिने व्यवस्था गरेको छ। निवृत्तभरण कोषले कार्यालयबाट प्राप्त भएको रकम तोकिएको अवधिभित्र कर्मचारीको व्यक्तिगत खातामा नियमित रूपले जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।

निजामती सेवाका कर्मचारीहरू, नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल नेपालको सेवा र नेपाल विशेष सेवामा कार्यरत कर्मचारीको मासिक तलबबाट कट्टा भई प्राप्त भएको रकम, नेपाल सरकारबाट थप भएको रकम, सोको ब्याज र कोषले आर्जन गरेको मुनाफाको तोकिएबमोजिमको रकम,

सेवामा निवृत्तभरण पाउने गरी नियुक्त भएका कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षकलाई निवृत्तभरण तथा उपदान उपलब्ध गराउने प्रयोजनका लागि नेपाल सरकारले वार्षिक रूपमा उपलब्ध गराएको रकम निवृत्तभरण कोषमा जम्मा गर्ने व्यवस्था रहेको छ। कर्मचारीको पारिश्रमिकबाट कट्टा भएको रकम र थप भएको रकम कर्मचारीको व्यक्तिगत खातामा जम्मा गर्नु पर्ने छ। कोषले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकम, सोको ब्याज तथा मुनाफासमेत जोडी त्यसको विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ। कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकमको विवरण सरल र सहज किसिमले हेर्न वा त्यस्तो विवरण प्रति चाहेका बखत सम्बन्धित कर्मचारीले प्राप्त गर्न सक्ने गरी कोषले आवश्यक व्यवस्था मिलाउनु पर्ने छ।

बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरी सेवाबाट अलग भएका कर्मचारीले कोषबाट मासिक रूपमा देहायबमोजिमको आजीवन निवृत्तभरण पाउने र कोषबाट निवृत्तभरण पाउने कर्मचारीको निवृत्तभरण रकममा प्रत्येक तीन वर्ष पुगेपछिको अर्को महिनादेखि खाइपाई आएको निवृत्तभरण रकमको दस प्रतिशतले हुन आउने रकम थप गरी भुक्तान गरिने व्यवस्था छ।

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी महिना तलबको रकम}}{\text{५०}}$$

बीस वर्ष सेवा अवधि पूरा गरेको कुनै कर्मचारीको निवृत्तभरण लिनु अगावै वा निवृत्तभरण लिएपछि मृत्यु भएमा निजको सगोलको पति वा पत्नीलाई कर्मचारीले पाउने निवृत्तभरण रकमको पचास प्रतिशत रकम पारिवारिक निवृत्तभरणका रूपमा दिइने व्यवस्था गरिएको छ।

कुनै कर्मचारीको बीस वर्ष सेवा अवधि पूरा नहुँदै मृत्यु भएमा निजको व्यक्तिगत खातामा जम्मा भएको रकम, सोको ब्याज तथा मुनाफासमेत निजले इच्छाएको व्यक्तिले एकमुष्ट रूपमा पाउने व्यवस्था गरिएको छ।

कुनै कर्मचारी भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएमा निजको मासिक तलबबाट कट्टी भएको रकम र त्यस्तो रकमबाट प्राप्त गरेको ब्याज मात्र निजले फिर्ता पाउने व्यवस्था रहेको छ।

कर्मचारीलाई निवृत्तभरण लगायतका रकम उपलब्ध गराउने कार्यलाई सहज तथा दिगो बनाउन नेपाल सरकारले समय समयमा कोषमा थप रकम उपलब्ध गराउने र कोषलाई प्राप्त भएको रकम निवृत्तभरण कोष सञ्चालक समितिले तोकेको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्ने व्यवस्था गरिएको छ।

निवृत्तभरण कोष ऐन-२०७५ जारी हुनुभन्दा अघि निजामती सेवा, नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल नेपालको सेवा र नेपाल विशेष सेवा, नेपाल शिक्षक सेवामा निवृत्तभरण पाउने गरी नियुक्त भएका कर्मचारी तथा यो ऐन प्रारम्भ हुँदाका बखत सरकारी कोषबाट निवृत्तभरण पाइरहेका त्यस्तो कर्मचारी वा सामुदायिक विद्यालयका शिक्षकलाई उपलब्ध गराउनु पर्ने निवृत्तभरणबापतको रकम निवृत्तभरण कोषमार्फत भुक्तानी गर्ने व्यवस्था गरिएको छ।

निवृत्तभरण कोषमा कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकममा कर्मचारीका अंशियारहरूको अंश नलाग्ने, साहुको दाबी नलाग्ने, प्रचलित कानुनअन्तर्गत सर्वस्व जायजात हुने वा रकम असुल गर्नुपर्ने अवस्थामा कोषबाट कर्मचारीले पाउने रकम कट्टा गर्न नपाइने, सरकारी रकम कलम बाँकी लिनुपर्नेमा कोषबाट कर्मचारीले पाउने रकम कट्टा गर्न नपाइने, कोषमा रहेको कर्मचारीको व्यक्तिगत खातामा रहेको वा कोषको मुनाफाबाफत कर्मचारीले प्राप्त गरेको रकममा आयकर नलाग्ने लगायतका व्यवस्था गरी कोष कट्टी गर्नेहरूको रकमको सुरक्षाको प्रत्याभूति गरेको छ।

निवृत्तभरण कोषले प्रचलित कानुनबमोजिम निवृत्तभरण पाउने कर्मचारी तथा शिक्षक र योगदानमा आधारित निवृत्तभरण प्रणालीबमोजिम निवृत्तभरण पाउने कर्मचारीका लागि प्राप्त रकम, उक्त रकमको लगानी तथा हिसाब किताबको अभिलेख छुट्टाछुट्टै राख्नु पर्ने व्यवस्था रहेको छ।

नेपाल सरकारले योगदानमूलक निवृत्तभरण प्रणालीको सञ्चालन सम्बन्धमा कोषलाई आवश्यक निर्देशन दिनसक्ने व्यवस्था रहेको छ। नेपाल सरकारले अवलम्बन गरेको लेखा प्रणालीबमोजिम तोकिएको ढाँचामा कोषको लेखा राखिने व्यवस्था रहेको छ। कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुने र लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ।

शिक्षक तथा कर्मचारीको सेवाका सर्तसम्बन्धी प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण कोष ऐन-२०७५ प्रारम्भ भएपछि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने संस्थाले नेपाल सरकारको दायित्वमा रहने गरी तथा उपदान र निवृत्तभरण पाउने गरी कुनै कर्मचारी, शिक्षक तथा पदाधिकारी नियुक्त गर्न नपाउने र यसरी नियुक्त भएका कर्मचारी, शिक्षक तथा पदाधिकारीको हकमा भने कानुन बनाई योगदानमूलक निवृत्तभरण प्रणाली लागु गर्न सकिने व्यवस्था रहेको छ।

निवृत्तभरण कोष ऐन-२०७५ ले निजामती सेवा ऐन-२०४९ को दफा ३९(ख)मा भएको निवृत्तभरणसम्बन्धी व्यवस्थाको सट्टामा नेपाल स्वास्थ्य सेवा ऐन-२०५३ को दफा ५० पछि ५०क. थप गरी र व्यवस्थापिका-संसद सचिवालयसम्बन्धी ऐन-२०६४ को दफा ५२ को सट्टा निवृत्तभरण कोष ऐन-२०७५ प्रारम्भ भएपछि नियुक्त हुने कर्मचारीका हकमा योगदानमूलक निवृत्तभरण प्रणालीसम्बन्धी

प्रचलित कानुनबमोजिमको व्यवस्था लागु हुनेछ भन्ने व्यवस्था गरी सम्बन्धित ऐनहरू संशोधन गरेको छ।

नेपाल सरकारले तोकेको विशिष्ट श्रेणीको अधिकृत अध्यक्ष, अर्थ मन्त्रालयको सहसचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सहसचिव, कर्मचारी प्रशासनसम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयको सहसचिव सदस्य तथा कार्यकारी निर्देशक सदस्य सचिव रहने गरी कोषका तर्फबाट गर्नुपर्ने सम्पूर्ण कामका लागि एक कोष सञ्चालक समिति रहने व्यवस्था रहेको छ। (निवृत्तभरण कोष ऐन-२०७५)

निवृत्तभरण कोष ऐन-२०७५ को प्रावधानअनुसार निवृत्तभरण कोषको गठन नभएसम्म यसको जिम्मेवारी कर्मचारी सञ्चय कोषलाई नै सुम्पने व्यवस्था गरेको छ।

निवृत्तभरण कोषमा कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गर्ने र सो रकममा नेपाल सरकारले शतप्रतिशत थप गरी जम्मा गर्नुपर्ने प्रावधान रहेको छ। बेतलबी, असाधारण बिदा वा निलम्बनमा परेको बेला यस्तो रकम कट्टा नहुने व्यवस्था रहेको छ।

२० वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरी सेवाबाट अलग भएका कर्मचारीले कोषबाट मासिक रूपमा आजीवन निवृत्तभरण पाउँछन्। सेवा अवधि पूरा भएको कर्मचारीको निधन भएमा उसको पति वा पत्नीले पारिवारिक निवृत्तभरण पाउने व्यवस्था गरिएको छ। योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू भएपछि पेन्सनका लागि सरकारले छुट्याउने ठूलो रकम बचत हुने अपेक्षा गरिएको छ। निवृत्तभरण कोषले भुक्तानी गर्ने निवृत्तभरण वा उपदानको आवश्यक रकम हरेक वर्ष सरकारले कोषलाई उपलब्ध गराउने प्रावधान रहेको छ (पुरी, २०७६)।

## योगदानमा आधारित निवृत्तभरण प्रणालीको कार्यान्वयनबाट सिर्जित समस्याहरू

निवृत्तभरण कोष ऐन-२०७५ ले योगदानमूलक निवृत्तभरण प्रणालीमा निजामती सेवाका कर्मचारीहरू, नेपाली सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल विशेष सेवामा रहेका कर्मचारीहरूलाई समावेश गरेको भए तापनि शिक्षक तथा प्राध्यापकहरूलाई समावेश नगरेको हुँदा निवृत्तभरणमा सरकारको दायित्व सम्पूर्ण रूपमा अन्त्य हुने देखिंदैन। निवृत्तभरणलाई योगदानमा आधारित भनिए तापनि निवृत्तभरण पाउने दर साविकअनुसार भएको हुँदा न्यून हुने रकम नेपाल सरकारले व्यहोर्नुपर्ने व्यवस्था रहेको हुँदा नेपाल सरकारको निवृत्तभरणको दायित्व घटने देखिंदैन। निवृत्तभरण प्राप्त गर्ने कर्मचारीको निवृत्तभरण पाउने अधिकार हो तर कर्मचारीको पारिश्रमिकबाट कट्टा गरेको रकम समेत प्राप्त नहुने अवस्था रहेको छ।

योगदानमा आधारित निवृत्तभरणमा राष्ट्रसेवक कर्मचारीलाई मात्र समेटेको हुँदा राष्ट्रसेवकभन्दा बाहेक सामाजिक सुरक्षा प्राप्त गर्ने ठूलो सङ्ख्याका नागरिकहरूलाई सरकारले प्रदान गर्नुपर्ने रकम बढदै गएको छ। तसर्थ केही कर्मचारीहरूको योगदानमा आधारित निवृत्तभरण योजनाले सरकारको दायित्व कम हुने देखिंदैन।

योगदानमा आधारित निवृत्तभरणमा निवृत्तभरण बापतको रकम प्राप्त गर्नुपर्नेमा त्यस किसिमको प्रणाली लागु नभएका अवस्थामा पनि निवृत्तभरण प्रदान गर्ने व्यवस्थाले कर्मचारीको योगदान र निवृत्तभरणका बिच अन्तरसम्बन्ध देखिंदैन।

निवृत्तभरण कोष ऐन-२०७५ जारी भएको लामो समयसम्म उक्त ऐनले व्यवस्था गरेको संरचनाको निवृत्तभरण कोष स्थापना भई कार्यान्वयनमा नआएको हुँदा यसको पूर्ण कार्यान्वयन हुने विषय दुविधायुक्त छ। सार्वजनिक सेवाका कर्मचारीहरूका लागि तर्जुमा गरिने नीतिहरूमा अध्ययन अनुसन्धान नगरी अल्पकालीन नीति तर्जुमा गर्ने र दीर्घकालीन रूपमा संशोधन गर्नुपर्ने वा लामो समयसम्म पूर्ण रूपमा कार्यान्वयन हुन नसक्ने व्यवस्थाले नीतिको सार्थकता भएको पाइंदैन। तसर्थ सार्वजनिक प्रशासनका कर्मचारीहरूका लागि तर्जुमा गरिने नीतिहरू अध्ययन अनुसन्धानमा आधारित भई तर्जुमा गर्दा नीतिको प्रभावकारिता बढ्ने, नीतिको सार्थकता हुने र कार्यान्वयनबाट अपेक्षित नतिजा प्राप्त हुने अवस्था रहन्छ।

निवृत्तभरण कोष सञ्चालन गर्नका लागि छुट्टै संरचना आवश्यक पर्ने कानुनी व्यवस्था भए तापनि लामो समयसम्म संरचना स्थापना हुन नसक्दा त्यसका लागि आवश्यक पर्ने छुट्टै कार्य योजना र रणनीति तर्जुमा हुन सकेको छैन। यसबाट सरकारले अपेक्षा गरेको निवृत्तभरण व्यवस्थापन हुन सक्ने कि नसक्ने विषय अन्यौल रहेको छ।

## निष्कर्ष

नेपालको सार्वजनिक प्रशासन सञ्चालनका लागि तर्जुमा गरिएका नीतिहरूको अस्थिरताका कारण सार्वजनिक सेवामा रहने कर्मचारीहरूको सेवा सुविधामा अन्यौल सिर्जना भएको छ। सार्वजनिक सेवामा रहने कर्मचारीहरूको सुविधाको अन्यौलले सार्वजनिक सेवामा रहने कर्मचारीहरूको उत्प्रेणामा असर पर्छ। सार्वजनिक प्रशासनलाई सक्षम, प्रतिष्पर्धी र गुणस्तरीय बनाउन सार्वजनिक सेवासम्बन्धी नीतिहरू अध्ययन अनुसन्धानमा आधारित भई तर्जुमा गर्नु पर्दछ।

निजामती कर्मचारीहरूका लागि ल्याइएको सावधिक जीवन बीमा वि.सं. २०६३ साउन १ गतेदेखि कार्यान्वयनमा ल्याई कर्मचारीको पारिश्रमिकबाट दुई सय रुपैयाँ र सरकारका तर्फबाट त्यति नै रकम थप गरी सुरु गरिएको थियो। वि.सं. २०७५ साउन १ गतेदेखि नागरिक लगानी कोषमा जम्मा भएको रकम बचत वृद्धि वा अन्य कुनै खातामा ट्रान्सफर गरी दुई लाख बराबरको बीमा गराउने र वार्षिक

प्रिमियम नौ हजार छ सय रुपैयाँ अग्रीम लिई सुरु गरियो। त्यसबाट निजामती कर्मचारीको वि.सं. २०७५ साउन महिनाभन्दा अगाडि बीमाको प्रिमियमका लागि भनेर कट्टा गरिएको रकम नै सावधिक जीवन बीमाको प्रिमियमका रूपमा प्रयोग नगरेका कारण बीमाको पोलिसी जारी नभएर वास्तविक जीवन बीमा कार्यान्वयन भएन। वि.सं. २०७५ साउन १ गतेदेखि लागु गरिएको बीमाको समेत सबै कर्मचारीहरूले बीमा पोलिसी प्राप्त गर्न सकेका छैनन्। सार्वजनिक सेवाका कर्मचारीहरूको सावधिक जीवन बीमा गर्दा बीमा कम्पनीमा सिधै गराउनु पर्नेमा नागरिक लगानी कोषमार्फत नै गर्नुपर्ने आधार केही देखिंदैन। बीमा कम्पनीमा बीमा गराई कर्मचारीलाई बीमाको पोलिसी उपलब्ध गराउने व्यवस्था गर्नु पर्दछ। यसबाट वि.सं. २०६३ साउन १ गतेदेखि कार्यान्वयनमा ल्याइएको निजामती कर्मचारीको सावधिक जीवन बीमाको पूर्ण कार्यान्वयन भएको देखिंदैन। यसरी दीर्घकालीन रूपमा असर पार्ने विषयमा नीति तर्जुमा गर्दा अनुसन्धान गरेर मात्र नीति तर्जुमा गरी उक्त नीतिको कार्यान्वय गर्नु उपयुक्त हुन्छ।

निवृत्तभरण कोष ऐन-२०७५ अनुसार कार्यान्वयनमा ल्याइएको योगदानमा आधारित निवृत्तभरण कार्यान्वयनका लागि मुख्य रूपमा आवश्यक पर्ने संरचना निवृत्तभरण कोषमा लामो समयसम्म स्थापना हुन सकेको छैन। यस योगदानमा आधारित निवृत्तभरण व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन हुने अवस्था छैन। निवृत्तभरण योजनाका लागि कट्टा गरिएको रकमको लगानीको अवस्था जानकारीमा आउन सकेको छैन। योगदान गरेको रकमका आधारमा निवृत्तभरण उपलब्ध गराउनुपर्नेमा कर्मचारीको सेवाअवधि र तत्काल खाईपाई आएको तलब सुविधाका आधारमा निवृत्तभरण उपलब्ध गराउँदा कर्मचारीले गरेको योगदान र रकमको तादाम्यता देखिंदैन। योगदान गरेको रकम अपुग भएमा नेपाल सरकारले थप रकम कोषलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाले सरकारको आर्थिक दायित्वसमेत घट्ने देखिंदैन।

निवृत्तभरण कोषको स्थापना तत्काल गर्ने र निवृत्तभरण कोष सम्बन्धमा अध्ययन अनुसन्धान गरेर सार्वजनिक सेवामा संलग्नलाई मात्र सीमित नगरी निजी क्षेत्रका मजदुरहरू तथा स्व-रोजगारहरूलाई समेत संलग्न हुने अवसर दिनु उपयुक्त हुन्छ। आर्जन गर्नेहरूको स्व-इच्छाले आर्जन गरेका सबै ठाउँबाट कट्टा गरी जम्मा गर्न पाउने र व्यक्तिको एक निश्चित उमेर पूरा भएपछि मात्र निवृत्तभरण पाउने गरी व्यवस्था गर्दा सरकारको दायित्व कम हुने, सामाजिक सुरक्षाका कार्यक्रमहरू निवृत्तभरणमा परिणत हुने, निश्चित उमेरपछि मात्र निवृत्तभरण पाउने भएकाले तथा कोषमा लामो समयसम्म कट्टा गरेको रकम रहने हुनाले कोषको निवृत्तभरण उपलब्ध गराउने क्षमताको विकास हुने साथै समग्रमा सामाजिक सुरक्षा कार्यक्रमलाई नै योगदानमा आधारित निवृत्तभरण योजनामा रूपान्तरण गरी सामाजिक सुरक्षाका कार्यक्रम र निवृत्तभरण कार्यक्रमहरूलाई व्यवस्थापन गरी सामाजिक सुरक्षामा सरकारको दायित्व कम गर्न सकिन्छ।

## सन्दर्भ सामग्री

*निवृत्तभरण कोष ऐन* (२०७५), कानुनी किताब व्यवस्था समिति।
https://lawcommission.gov.np/np/wp-content/uploads/2021/01/निवृत्तभरण-कोष-ऐन-२०७५.pdf

पुरी, अच्युत (२०७६ भदौ ५), योगदानमा आधारित पेन्सन प्रणाली सञ्चालन कर्मचारी सञ्चय कोष, अनलाइन खबर. https://www.onlinekhabar.com/2019/08/789908

*बीमा कोष सञ्चालन कार्यविधि* (२०६३), नागरिक लगानी कोष।
https://nlk.org.np/assets/uploads/files/lawsandacts/Insurance_Fund_Operating_Procedure.pdf

*राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि* (२०७६), नागरिक लगानी कोष https://nlk.org.np/lawsacts/the-term-life-insurance-fund-management-procedure-of-the-civil-servants

*सावधिक जीवन बीमा सञ्चालन कार्यविधि* (२०७५), अर्थ मन्त्रालय।
https://www.mof.gov.np/site/news-detail/1438.